परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १३९ पृष्ठ ४ २०८२ फागुन २७ गते, बुधबार 11 March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## जसपा नेपाल र जनमत पार्टीले

# आफ्नो आधार थलो मधेसमा कति पाए मत ?





● टक नेपाल

प्रतिनिधि सभा अन्तर्गत समानुपातिकतर्फको मत गणना लगभग अन्तिम चरणमा छ। यो निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फ देशभर नै राष्ट्रिय स्वतन्त्र पार्टीको दबदबमा देखिएको छ।

खासगरी मधेस प्रदेशमा मधेसवादी भनिएका दल जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टी नै ओझेलमा परेका छन्। मधेसका मुद्दा उठाएर राजनीति गर्दै आएका यी दुवै दललाई यो निर्वाचनमा मधेसवासीले विश्वास नगरेको देखिन्छ।

समानुपातिक मत परिणाम अनुसार मधेसमा जसपा नेपाल एक लाख २९ हजार ६४८ मतसहित चौथो स्थानमा छ। यस्तै जनमत पार्टी ५० हजार ४२ मतसहित छैटौँ नम्बरमा छ।

पछिल्लो मत परिणाम अनुसार मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टी समानुपातिकतर्फ १२ लाख ४१ हजार २४८ मतसहित पहिलो पार्टी बन्दा नेपाली कांग्रेस दुई लाख ७६ हजार ७५३ मतसहित दोस्रो नम्बरमा छ। पहिलो र दोस्रो पार्टीबिचको मतान्तर नै ९ लाखभन्दा बढी छ।

नेकपा एमाले एक लाख ८१ हजार ७३९ मतसहित तेस्रो नम्बरमा छ। पाँचौं नम्बरमा रहेको नेपाली कम्युनिस्ट पार्टीले जम्मा एक लाख ७८४ मत पाएको छ।

सप्तरी जिल्लामा समानुपातिकतर्फ जसपा नेपालले ३६ हजार ६८ मत पाउँदै दोस्रो स्थानमा छ। जबकि अर्को मधेसवादी दल जनमत पार्टी १८ हजार ९०१ मतका साथ चौथो स्थानमा छ। सप्तरीमा रास्वपा समानुपातिक मतका आधारमा पहिलो र नेपाली कांग्रेस तेस्रो दल बने को छ।

सिराहामा जसपा नेपाल १५ हजार ४९१ मतमा खुम्चिएर पाँचौं दल बनेको छ भने जनमत पार्टी १० हजार ७३ मतका साथ छैटौँ स्थानमा छ। यहाँ रास्वपा पहिलो, कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो र नेपाली कम्युनिस्ट पार्टी चौथो नम्बरमा छ।

यस्तै धनुषामा पनि जसपा नेपाल पाँचौं नम्बरमा छ। यहाँ जसपा नेपालले ८ हजार ४५५ मत पाएको छ। जनमत पार्टी भने ४ हजार ७४ मतका साथ सातौँ नम्बरमा सीमित छ। यहाँ पनि रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो र नेपाली कम्युनिस्ट पार्टी चौथो नम्बरमा रहँदा सातौँ नम्बरमा रहेको जनमत पार्टीभन्दा अगाडि राप्रपा छ। छैटौँ नम्बरमा रहेको राप्रपाले धनुषामा

बाकी पृष्ठ २.....




## अरू पार्टीले दाबी गरे

# रास्वपाले उपसभामुख नपाउने

● टक नेपाल

प्रतिनिधिसभाको फागुन २१ गते सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फको मतगणना सम्पन्न भइसकेको छ । अन्तिम मतगणनाअनुसार प्रत्यक्षतर्फको १६५ सिटमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले १२५, नेपाली कांग्रेसले १८, नेकपा एमाले ले ९, नेपाली कम्युनिस्ट पार्टीले ८, श्रम संस्कृति पार्टीले ३, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) १ र स्वतन्त्र उम्मेदवार (महावीर पुन) निर्वाचित भइसकेका छन्।

समानुपातिक प्रणालीतर्फको मतदान पनि अन्तिम अन्तिम चरणमा पुगेको निर्वाचन आयोगले जनाएको छ। समानुपातिकतर्फ खसेको १ करोड, ९ लाख ७७ हजार ७११ मध्य रास्वपाले ५० लाख मत कटाएको छ। यो परिणामले रास्वपाले सहज बहुमत हुने निश्चित भइसकेको छ। केही सिटले मात्रै दुई तिहाइ नपुग्ने अवस्था अहिलेको रुझानले देखाउँछ।

प्रत्यक्ष तर्फको मतगणना सकिएको र समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा पुगेकाले अब प्रतिनिधिसभाको अध्यक्षता गर्ने सभामुख र उपसभामुख कसरी निर्वाचित हुन्छन् र कुन पार्टीका हुन्छन् भन्ने चासो आम नागरिकले गर्न थालेका छन्।

विद्यमान संविधान र कानुनका कारण रास्वपा दुई तिहाइको नजिक-नजिक पुगे पनि सभामुख र उपसभामुख आफ्नै पार्टीका सांसदलाई बनाउन पाउने देखिन्न। तथापि उसले एउटा अवस्थामा भने सभामुख र उपसभामुख आफ्नै पार्टी बनाउन सक्ने अवस्था देखिन्छ। तर, त्यो अवस्था निर्माण हुने सम्भावना अत्यन्तै न्यून छ।

संविधानसभामार्फत वि.सं.२०७२ असोज ३ गते जारी भएको संविधानको धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुख कसरी निर्वाचित हुने भन्ने व्यवस्था छ।

त्यो धारा र त्यस अन्तर्गतका उपधारा अनुसार सभामुख र उपसभामुख फरक-फरक लिङ्गको र फरक-फरक दलको बनाउनुपर्ने व्यवस्था राखिएको छ । प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको १५ दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गरिसक्नुपर्ने लेखिएको छ।

धारा ९१ को उपधारा (१)मा लेखिएको छ, 'प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरूले आफूमध्ये बाट प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्नेछन्।'

सभामुख र उपसभामुखको निर्वाचन नहुने बेलासम्म भने सदस्यहरूमध्येको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गने व्यवस्था संविधानमा राखिएको छ । धारा ९१ को उपधारा (५)मा यससम्बन्धी व्यवस्था छ। 'प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्य मध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्नेछ,' यो उपधारामा लेखिएको छ।

सभामुख र उपसभामुख फरक-फरक दल र लिङ्गको हुने व्यवस्था त्यही धाराको उपधारा (२)मा व्यवस्था गरिएको छ । 'उपधारा (१) बमोजिम निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्नेछ,' उपधारा (२)मा लेखिएको छ।

संविधानमा फरक-फरक पार्टीको सभामुख र उपसभामुख हुन नपर्ने अवस्थाबारे पनि व्यवस्था राखिएको छ । संविधानको धारा ९१ को उपधारा (२)मा तर पनि लेखिएको छ, 'प्रतिनिधि सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नभएको वा प्रतिनिधित्व भएर पनि उम्मेदवारी नदिएको अवस्थामा एकै दलको सदस्य प्रतिनिधि सभाको सभामुख र उपसभामुख हुन बाधा पर्ने छैन।'

अहिले प्रतिनिधिसभामा प्रत्यक्षतर्फको मतगणना भइसक्दा ६ दलको प्रतिनिधित्व हुने निश्चित भइसकेको छ । प्रत्यक्षतर्फ रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाले जितेका छन्।

संविधानविद् वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी अर्को दलका सांसद्ले उम्मेदवारी दिन्छु भनेपछि रास्वपाले उपसभामुख नपाउने बताउँछन् । 'अन्य पार्टीका सांसद्ले उम्मेदवारी दिन्छु भने पछि रास्वपाले उपसभामुख पाउँदैन । संविधानमा भएको व्यवस्थाले त्यही भन्छ,' वरिष्ठ अधिवक्ता अधिकारीले रातोपाटीसँग भने, '२०७९ को प्रतिनिधिसभा निर्वाचनपछि नेकपा एमालेले त्यही व्यवस्थाका कारण कांग्रेसलाई नदिएर आफूलाई अनुकूल हुने बुझाइसहित तत्कालीन रास्वपा सांसद इन्दिरा राना मगरलाई सहयोग गरेर उपसभामुख बनाएको हो । अहिले पनि रास्वपाले आफू अनुकूल पार्टीका सांसद्लाई बनाउन सक्छ तर, आफ्नै पार्टीको बनाउन सक्दैन।'

प्रत्यक्षतर्फ जितेका सबै दलले राष्ट्रिय पार्टी बन्नका लागि आवश्यक पर्ने थ्रेसहोल्ड पनि कटाएकाले समानुपातिकतर्फबाट पनि सांसद बनाउन पाउने निश्चित भइसकेको छ । संविधानमा प्रत्यक्षतर्फ १ सिट जित्ने र समानुपातिकतर्फ निर्वाचनमा खसेको मतको सदर मतको ३ प्रतिशत मत पाउने दल राष्ट्रिय पार्टी बन्न पाउने व्यवस्था प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी ऐनमा छ।

उपसभामुख संवैधानिक निकायका पदाधिकारी नियुक्ति गर्ने संवैधानिक परिषद्को पनि सदस्य हुने भएकाले रास्वपा बाहेकका ५ दलले दाबी गरेर उम्मेदवार उठाउने निश्चितजस्तै छ।

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### नयाँ नेतृत्वप्रति जनताको भरोसो

२०७९ को स्थानीय निर्वाचनमा बालेन शाह काठमाडौँ महानगरपालिकाको मेयरमा अप्रत्याशित रूपमा विजयी हुँदा धेरैले त्यसलाई अस्थायी राजनीतिक सनसनी मात्र ठानेका थिए। तर त्यो जितले नेपाली राजनीतिमा परिवर्तनको बीउ रोपेको संकेत गरेको थियो। परम्परागत दलको किल्ला मानिएको महानगरमा स्वतन्त्र उम्मेदवारको विजयले जनतामा नयाँ आशा जगायो। महानगरभित्रका अवैध संरचनाविरुद्ध डोजर चलाउने निर्णयले उनले केवल भौतिक संरचना हटाएनन्, बरु 'केही हुँदैन' भन्ने निराश मानसिकतामाथि पनि चोट पुऱ्याए।

युवापुस्तामा बढ्दो निराशा, भ्रष्टाचारप्रतिको वितृष्णा र सुशासनको चाहनाले नयाँ नेतृत्वको खोजी गरिरहेको थियो। यही परिवेशमा बालेन परिवर्तनको प्रतीकका रूपमा उदाए। सामाजिक सञ्जाल र जनतासँगको प्रत्यक्ष संवादमार्फत उनले परम्परागत राजनीतिशैलीलाई चुनौती दिए।

राजनीतिक रूपान्तरणको यो यात्रामा केपी शर्मा ओली जस्ता स्थापित नेतासँगको प्रतिस्पर्धा पनि एउटा ठूलो प्रतीक बन्यो। यसले पुराना शक्ति केन्द्र र नयाँ पुस्ताबीचको संघर्षलाई उजागर गऱ्यो।

यस घटनाक्रमले एउटा स्पष्ट सन्देश दिएको छ– नेपाली जनता अब केवल नारामा होइन, परिणाममुखी नेतृत्वमा विश्वास गर्न चाहन्छन्। यदि नयाँ नेतृत्वले जनअपेक्षाअनुसार सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई व्यवहारमा उतार्न सक्यो भने नेपाली राजनीतिमा स्थायी परिवर्तन सम्भव छ।




## जसपा नेपाल र जनमत पार्टीले आफ्ना........................

समानुपातिकतर्फ ५ हजार ७६ मत पाएको छ।

महोत्तरी जिल्लामा २१ हजार १९२ मतका साथ जसपा नेपाल तेस्रो नम्बरमा छ। यहाँ जनमत पार्टी ३ हजार ११३ मतका साथ सातौँ नम्बरमा छ। धनुषामा पनि पहिलो नम्बरमा रास्वपा र दोस्रो नम्बरमा नेपाली कांग्रेस नै छ। एमाले यहाँ चौथो नम्बरमा छ भने नेपाली कम्युनिस्ट पार्टी पाँचौं नम्बरमा छ। नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टीको एकल चिह्न 'बस'मा ८ हजार २०८ मत छ, जो जनमत पार्टीभन्दा अगाडि छ।

सर्लाही जिल्लामा जसपा नेपाल ६ हजार १८२ मतसहित समानुपातिकतर्फ सातौँ नम्बरमा छ भने जनमत पार्टी ३ हजार ८२३ मतसहित नवौँ नम्बरमा धकेलिएको छ। यहाँ रास्वपा नेपाल पहिलो, नेपाली कांग्रेस दोस्रो, नेपाली कम्युनिस्ट पार्टी तेस्रो, नेकपा एमाले चौथो, राष्ट्रिय परिवर्तन पार्टी पाँचौं र नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टीको एकल चिह्न 'बस' छैटौं नम्बरमा छन्।

रौतहटमा १० हजार १४७ मतसहित जसपा नेपाल चौथो स्थानमा छ भने जनमत पार्टी ३ हजार १२ मतसहित सातौँ नम्बरमा छ। यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेपाली कम्युनिस्ट पार्टी तेस्रो नम्बरमा छ। नेकपा एमाले भने पाँचौं नम्बरमा छ। यस्तै, आम जनता पार्टी छैटौं नम्बरमा छ।

बारामा २४ हजार ३२४ मतसहित जसपा नेपाल चौथो नम्बरमा पुग्दा जनमत पार्टी ५ हजार २४६ मतसहित आठौं स्थानमा खुम्चिएको छ। यहाँ रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो स्थानमा छ। नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय परिवर्तन पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी क्रमशः पाँचौं, छैटौं र सातौं नम्बरमा छन्।

पर्सामा जसपा नेपाल पाँचौं स्थानमा रहँदा अर्को मधेसवादी दल जनमत पार्टी आठौं नम्बरमा छ। जसपा नेपालले पर्सामा समानुपातिकतर्फ ७ हजार ७८९ मत पाएको छ भने जनमत पार्टीले एक हजार ८०० मत पाएको छ। यहाँ रास्वपा पहिलो नम्बरमा रहँदा नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो, राष्ट्रिय प्रजातन्त्र पार्टी चौथो नम्बरमा छन्। यस्तै नेपाली कम्युनिस्ट पार्टी छैटौं, राष्ट्र निर्माण दल नेपाल सातौं नम्बरमा छन्।

## चुनावपछिको कांग्रेस ........................................

'समृद्धि र सुरक्षाका साझा लक्ष्यहरू' मा मिलेर काम गर्न तयार रहेको बताएको छ। सुरक्षाका साझा लक्ष्यको भाष्यभित्र लुकेको रहस्य जटिल र दूरगामी छ। यहींनिर अमेरिकाका नेपालसम्बन्धी नीतिका दबाबहरू झल्किन्छन्। नेपालसँग सरोकार राख्ने अमेरिकी सुरक्षा रणनीतिका मुख्य दुई पिलर इन्डो-प्यासिफिक स्ट्राटेजी र स्टेट पार्टनरसिप प्रोग्राममा नेपाललाई सामेल गराउन यसअघिका कांग्रेस-कम्युनिस्ट नेतृत्वका सरकारहरू पन्छिन खोजेकोले बालेन नेतृत्वको सरकारको यसमा पनि परीक्षा हुनेछ।

५.यसपालि कांग्रेस पराजयको मुख्य अर्थ भने नेपाली राजनीतिमा गैर-कांग्रेस बुर्जुवा पार्टीको विकल्प निर्माण हुँदै गरेको भन्ने लाग्छ। भारतीय राष्ट्रिय कंग्रेसका तुलनामा भारतीय जनता पार्टीले अघि सारेका नीतिहरूले प्रत्यक्ष रूपमै भारतको ठूलो पुँजीपति वर्गको रक्षा गर्थे। नेहरू र इन्दिराको संरक्षणवादी नीतिका समयमा हुर्केको र मनमोहनको उदारवादले मलजल गरेको पुँजीपति वर्गलाई त्योभन्दा बढी लुटखसोटको अवसर चाहिएको थियो। उदाउँदो भारतको नाराभित्र बीजेपीले त्यो काम गर्दै थियो। त्यो २०१४ को निर्वाचनमा मतमा परिणत भयो।गगनमा जुन उत्साह र सम्भावना थियो त्यसमा चुनावले अवश्य प्रश्न उठाएको छ। तर, कांग्रेसलाई यो हालतमा पुऱ्याउन मुख्य योगदान गरेका देउवा र उनको मण्डलीसँग निर्णायक रूपमा सम्बन्ध विच्छेद गरेर र भुइँतहसम्म फेरि नवयुवाहरूसँग संवाद गरेर कांग्रेसलाई नवजीवन दिने ठाउँ बाँकी छानेपाली कांग्रेसले कम्युनिस्ट पार्टीहरूसँग गरिरहेको सहयात्रा र नीतिगत सम्झौताका कारण स्वच्छन्द पुँजीवादभन्दा क्रोनी पुँजीवादको विकासका लागि अनुकूलता सिर्जना गरेका थिए। त्यसबाट सेपमा परेको पुँजीपति वर्ग पनि यतिबेला रास्वपाको पक्षमा उभिन पुग्यो (यद्यपि भदौ २४ का आगजनी र लुटपाटका कारण यो समूह बालेन शाहप्रति नकारात्मक धारणा राख्थ्यो)।

कांग्रेस-कम्युनिस्ट सरकारका गणितीय खेल र कुशासनबाट वाक्क भएको पङ्क्तिले स्वर्णिम वाग्लेहरूबाट पनि आफ्ना हितहरूको रक्षा हुने अपेक्षा गरेको थियो। सारमा यो मध्यम तथा निम्न पुँजीपति वर्गले कुशासनका विरुद्ध गरेको मौन विद्रोह र पुँजीपति वर्गले खोजिरहेको आश्रयको परिणाम थियो जसले अन्ततः ठूलो पुँजीपति वर्गको रक्षा गर्नेछ।

६.यसरी, आफ्नो विचारधारात्मक इतिहासको लिगेसी, २०४८ मा सत्तामा आएदेखि नै गरिएको तीव्र दलीयकरण र कुशासन, पार्टीका सभापतिहरूले आफ्नो सत्ता बचाउन खेलेका गठबन्धनका नग्न खेल र आदर्शहरूको हत्या, अविकास र बेथितिबाट वाक्क भएका आफ्नै मतदाताको तिरस्कारले यतिबेला नेपाली कांग्रेस रन्थनिएको छ। चुनावको चार दिनपहिले मात्र विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगन थापासहितका पदाधिकारी पराजित भएका छन्। यसको अर्थ हो गगनहरूले जुन प्रयास गरे त्यो जनताले मत बनाउनुभन्दा निकै ढिलो हुन पुग्यो। देउवाले गरेका यावत् अनुचित र आदर्शच्युत व्यवहार, सतहमा देखिएका अनेक काण्डहरू र त्यसबाट बेलैमा आफूलाई अलग देखाउन नसकेको युवा पुस्ताका सबै कमजोरीको भारीले यसपटक गगन मात्र होइन कांग्रेस पनि थिचिएको छ। कांग्रेस इतिहासमै यसपटक सबैभन्दा बढी पछारिएको छ। जनताले कांग्रेसलाई गर्धनमा चोके लगाएर चौबाटोतिर हुत्याएका छन्।

ऊ उठ्न त सक्छ तर रास्वपाले बुर्जुवा वर्गको पार्टीका रूपमा, दक्षिणपन्थी रुझानसहित विश्व पुँजीवादी प्रणालीसँग सम्झौता गर्दै गयो भने नेपालको ठूलोदेखि पेटीबुर्जुवा वर्गसम्मले फेरि कांग्रेसको छाता खोज्नुपर्ने आवश्यकता लामो समय पनि महसुस नगर्न सक्छ। जसरी कंग्रेस (आई) २०१४ देखि लगातार सीमान्तमा धकेलिएको छ त्यस्तै अवस्था कांग्रेसलाई पनि आउन सक्छ। यसको अर्थ हो कांग्रेसले अब आफूलाई मध्यमार्गी या मध्यवामपन्थी पार्टीका रूपमा थप व्यवस्थित हुनुपर्नेछ। दक्षिणपन्थ या अनुदारवादको स्पेस रास्वपाले लिने र आफ्नो नियतिले वामपन्थी हुन नसक्ने कांग्रेसका लागि बीपीकै बाटो अनुसरण गर्नु पुनरुत्थानको पहिलो सर्त बन्न पुगेको छ।

गगनमा जुन उत्साह र सम्भावना थियो त्यसमा चुनावले अवश्य प्रश्न उठाएको छ। तर, कांग्रेसलाई यो हालतमा पुऱ्याउन मुख्य योगदान गरेका देउवा र उनको मण्डलीसँग निर्णायक रूपमा सम्बन्ध विच्छेद गरेर र भुइँतहसम्म फेरि नवयुवाहरूसँग संवाद गरेर कांग्रेसलाई नवजीवन दिने ठाउँ बाँकी छ। रास्वपा अनुदारवादी बाटोमा हिँड्ने, राजनीतिक स्पेस साँघुरो बनाउने र उदारवादलाई कमजोर बनाउने बाटोमा लाग्न सक्छ।

विश्वविद्यालयलाई राजनीतिमुक्त क्षेत्र (प्राध्यापक र विद्यार्थीहरूको गतिविधिमा नियन्त्रण) बनाउन खुल्लमखुला आह्वान गर्नेहरूले भोलि सामान्य सभा-जुलुस र कार्यथलोहरूमा मजदुरले गर्ने हड्ताल, अल्पसङ्ख्यक र आदिवासीहरूले उठाउने अधिकारका सवालमा पनि नियन्त्रणको प्रयास गर्न सक्छन्। यो स्पेस बचाउन पनि कांग्रेसले आफूलाई पुनर्गठन गर्दै फेरि पनि वामपन्थीहरूसँग खास-खास मुद्दामा सहकार्यको बाटो लिनुपर्नेछ। गगन र कांग्रेसको पनि उत्थान यसैमा निहित छ।



# चुनावपछिको कांग्रेस र गगन थापा

● टक नेपाल

चुनावमा पहिले कल्पना नगरिएको स्तरमा जित हासिल गर्दै रास्वपा दुईतिहाइ नजिक पुगिरहँदा यसका कार्यकारण सम्बन्धहरूको खोजी जारी छ। रास्वपाको जितका अर्थ र परिणामका बारेमा बहस हुँदै गर्दा यससँगै जोडिएर आउने विप्ल्याँटो पाटो छः कम्युनिस्ट पार्टीहरू र नेपाली कांग्रेसको लज्जास्पद पराजय।




यो लेख तयार पार्दासम्म समानुपातिक मतगणनाको परिणाम हेर्दा रास्वपाले ४८ प्रतिशत हाराहारी मत प्राप्त गर्ने, कांग्रेसले १६ र एमालेले १४ प्रतिशत मत प्राप्त गर्ने अवस्था देखिएको छ। नेकपाले ७ प्रतिशत जति मत प्राप्त गर्ने देखिन्छ। अघिल्लो निर्वाचनमा ४० प्रतिशतभन्दा माथि मत ल्याएका कम्युनिस्टहरू समग्रमा २० प्रतिशतवरपर सीमित भएका छन्।

कांग्रेस २५ प्रतिशतबाट १६ मा झरेको छ। यसरी हेर्दा यो चुनावबाट सबैभन्दा बढी गुमाउनेमा नेकपा एमाले र नेकपा बनेका छन्। कम्युनिस्ट पार्टीहरूमाथि उनीहरूको भविष्यलाई लिएर प्रश्न उठाउन थालिएको सन्दर्भमा लामो र विस्तारित चर्चा आवश्यक छ। त्यो काम अर्को अंकका लागि छाडेर यो आलेखमा कांग्रेस पराजयको सन्दर्भमा केही चर्चा गरिनेछ।

१.नेपालमा पुँजीपति वर्गको हित रक्षा गर्ने कांग्रेसबाहेकको विश्वसनीय वैकल्पिक शक्ति नभएको अवस्थामा रास्वपाको जितले उदारवादी खेमामा उत्साह थपिएको छ। पराजयबाट दुःखी हुन अब कांग्रेससँग आफ्ना कार्यकर्ता र सदस्य मात्र बाँकी छन्। शुभचिन्तकहरू र विकल्प नभएको समयमा कांग्रेसबाटै लाभ लिएकाहरूको पङ्क्ति बिस्तारै नयाँ डेमोक्रेटिक शक्तिका रूपमा रास्वपालाई स्वीकार गर्दै उतै लहसिनेछन्।

कांग्रेसलाई भुइँबाट उठ्न, धुलो टक्टक्याएर अघि बढ्न आवश्यक खुराक दिने बौद्धिकहरू समेतलाई नयाँ शक्तिको जितको मात लागेर तिनको जिब्रो लरबराउन थालिसकेको छ।

विचारधाराका रूपमा उदारवादी राजनीतिका समर्थकहरूका लागि नयाँ विकल्प उपस्थित भएको छ। यस मानेमा यो परिणाम, यस अगाडिसम्मका धेरै कांग्रेसी मतदाताका लागि जित र हार दुवै बन्न पुगेको छ।

२.नेपाली कांग्रेसको व्यक्तित्वमा अविच्छिन्न रूपमा दुईवटा पक्षहरू गाँसिएर आउँछन्। पहिलो, स्थापनाकालमा यो समाजवादी आदर्शबाट प्रेरित थियो। संसदीय उदारवादी व्यवस्थाभित्रबाट, अझ प्रस्ट भन्नुपर्दा पुँजीवादी उत्पादन पद्धतिकै सीमाभित्र सामाजिक न्यायका पक्षमा उभिने र सीमान्त वर्गको हित पनि हेर्ने यसको आदर्श थियो। यही कारणले पनि, बीपीकै समयदेखि अमेरिकी धुरीको विद्यमान विश्व पुँजीवादी व्यवस्थाका चालकहरू कांग्रेससँग निकटता र दूरी कायम गर्दै काम गर्थे।

पहिलोपटक गिरिजाप्रसाद प्रधानमन्त्री हुँदा लिइएका नवउदारवादी आर्थिक नीतिका कारण यो पश्चिमा पुँजीवादको निकट पुगेको थियो, नवउदारवादका औजारहरूको प्रयोगकर्ता बनेको थियो। ज्ञानेन्द्रले 'कु' गरेर शक्ति हत्याएको र आम जनमतमा समाजवादी विचारप्रतिको झुकाव बढेको समयमा यसले सत्ताका लागि मात्रै भए पनि समाजवादी नीतिप्रति झुक्दै गयो। त्यसैले विश्व पुँजीवादको नयाँ चरणमा नेपालमा उनीहरूका लागि बुर्जुवा वर्गको विश्वासिलो पार्टी चाहिएको थियो।

दोस्रो, कांग्रेसको हुर्काइलाई, त्यसको विचार निर्माणलाई प्रभावित पारेको भारतीय नेतृत्वसँगको सम्बन्धले हो। भारतीय सहरमा निर्वासित या अध्ययनका लागि गएका उच्च तथा मध्यमवर्गका पढालेखा वर्गको सक्रियतामा बनेको नेपाली कांग्रेसको धेरै उठबस भारतीय कंग्रेस पार्टीका नेता, कार्यकर्ता, बौद्धिक तप्का तथा समाजवादीहरूसँग थियो। नेपाली कांग्रेस लामो समय नेपालमा भारतीय शासक वर्गसँग निकटता रहेको विश्वासिलो मित्रशक्तिका रूपमा रह्यो।

बीपीका समयदेखि नै पश्चिमाहरूसँग नेकाको सम्बन्ध भनेको मूलतः युरोपेली समाजवादी र लेबर पार्टीसँग रह्यो। कांग्रेस अहिले पनि समाजवादी इन्टरनेसनलको सदस्य छ। भारतीय राजनीतिक वर्गसँगको उसको सम्बन्ध भारतीय जनता पार्टी निर्णायक भएर आएसँगै कमजोर भएर गएको छ। प्रदीप गिरि र प्रणव मुखर्जीहरू रहुन्जेल अनौपचारिक रूपमा कायम यो सम्बन्ध गगनहरूसम्म आउँदा पातलिँदै गएको छ।

काठमाडौं र दिल्लीका पनि कतिपय शक्तिकेन्द्रहरू अमेरिकाले आफ्ना कार्यसूची लागू गराउन गगनलाई नै अघि सार्न चाहन्थ्यो भन्ने विश्वास गर्छन्। त्यस्तो प्रयास भएको पनि हुन सक्छ। तर उनी नेतृत्वमा पुग्न ढिलो भएको, केही सामाजिक न्यायका कुरा पनि गरिरहेको र अलिकति युरोपेली विकास मोडलप्रति मोह भएको देखिएकाले पनि उनीबाट आफ्ना योजना पूर्ण रूपमा लागू हुनेमा अमेरिका कम विश्वास गर्न थालेको थियो।

३.यसकारण बिच्केका अमेरिकीहरू कांग्रेससँग सम्बन्ध कायम गर्दै नेपालमा आफ्ना हितहरूको प्रतिनिधित्व गर्ने अलग शक्ति निर्माणमा सक्रिय थिए। उनीहरू यसका लागि नागरिक समूहहरूमा लगानी गरिरहेका थिए। देख्दा उदारवादी विचारधाराको समर्थन गर्न दिइएको या लिइएको सहयोग मानिए पनि त्यसले अन्तिममा उदारवादभित्रैबाट अनुदारवादी बुर्जुवा विचार बोकेको समूह निर्माणमा योगदान दियो।

गतवर्ष प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका पूर्वसन्ध्यामा बीआरआई सम्झौताको प्रारूप तयार पार्न गगनहरूले देखाएको सक्रियता र त्यसबेला भएका विवादले पनि कांग्रेसमार्फत आफ्ना सबै कार्यसूची लागू गर्न सकिन्न भन्ने निष्कर्षमा अमेरिका पुगेको हुनुपर्छ।

सीआईए र अमेरिकी विदेश मन्त्रालय अलग-अलग रूपमा यसमा लगानी पनि गरिरहेका थिए (दूतावास, युएसएड, एसिया फाउन्डेसन, इन्डोमेन्ट फर डेमोक्रेसी, जर्ज सोरोस फाउन्डेसन आदिबाट यस्तो लगानी प्रवाहित हुन्छ)। रास्वपाबाट यसपटक निर्वाचन लडेका र जितेका कतिपय युवा नेताहरू लामो समय अमेरिकी दूतावासबाट सञ्चालित युथ कंग्रेसमा काम गरेकाहरू रहनु संयोग मात्र होइन (उहाँहरू कसैको पनि देशप्रेममाथि आशङ्का गर्ने मेरो मनसाय होइन, कसैले पनि यस्तो गर्न मिल्दैन। सरकार या दल र अमुक नेताका नीतिगत निर्णयले या व्यवहारले पुष्टि गरेका खण्डमा भने प्रश्न उठाइने नै छ)।

रास्वपामार्फत आफ्ना एजेन्डाहरू लागू गर्नु, अर्थनीतिलाई पूर्ण रूपमा ठूलो पुँजीपति वर्गको हित अनुकूल बदल्नु, राज्यको भूमिका सीमित गर्नु र नेपालको बाह्य लगानी र सुरक्षा रणनीतिमा आफ्ना हितहरू सुनिश्चित गर्नु रास्वपामार्फत् अमेरिकाले गर्न चाहेका अरू कामहरू हुन सक्छन्।

यसप्रकारका नीतिहरू लागू गराउन कांग्रेसमार्फत गरिएका प्रयासहरू असफल भइसकेका थिए (आफ्नै विगतप्रति गर्व गर्ने र आत्मसम्मान भएको कसैबाट पनि यस्तो हुन सक्दैनथ्यो)। गगन आउँदा उनले समाजवादसँगको सम्बन्ध त तोड्ने नै थिए तर आफ्ना अघिल्लो पुस्ताका नेताहरू खासगरी बीपी र कृष्णप्रसाद भट्टराई तथा गिरिजाप्रसादहरू जस्तै नेपालको अलग विदेश नीति रहने कुरालाई प्राथमिकतामा राख्न कोसिस गरिरहन्थे।

बीपी कोइरालाका स्वतन्त्र विदेश नीतिहरू र कतिपय अडानहरूले गर्दा उतिबेलै भारतीयहरूसमेत बीपीलाई पन्छाउन चाहन्थे। इतिहासको यो गौरवगाथा गाउनु कांग्रेसलाई राष्ट्रवादी देखाउने एउटा सफ्ट पावर थियो। गतवर्ष प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका पूर्वसन्ध्यामा बीआरआई सम्झौताको प्रारूप तयार पार्न गगनहरूले देखाएको सक्रियता र त्यसबेला भएका विवादले पनि कांग्रेसमार्फत आफ्ना सबै कार्यसूची लागू गर्न सकिन्न भन्ने निष्कर्षमा अमेरिका पुगेको हुनुपर्छ।

रास्वपा आउँदैमा विदेश सम्बन्धमा एकपक्षीय झुकाव राख्न नेपाललाई सम्भव छ भन्ने होइन। तर, सुशीला कार्की नेतृत्वको सरकार बनेदेखि नै तिब्बत मामिलामा देखिएको उदारता र दलाई लामाको शुभकामना प्रकरणले पश्चिमा पक्ष रास्वपाबाट के चाहन्छ भन्ने प्रस्टै भइसकेको छ।

भारत र अमेरिकाको स्वार्थ चीनसँगको सम्बन्धको मामिलामा उस्तै भए पनि भारत र चीन नेपाललाई अमेरिकी धुरीको सक्रिय सदस्य भएको देख्न चाहने छैनन्। यो द्वन्द्वको सन्तुलित व्यवस्थापन गर्न नसके रास्वपाले शासन सञ्चालनमा अनेक अवरोधहरू सामना गर्नुपर्ने निश्चित छ। यता आर्थिक क्षेत्रमा लिइने नीति र वैदेशिक लगानीका क्षेत्रहरूलाई अमेरिकी हित प्राथमिकतामा पार्न दबाब भने रास्वपाले झेल्नुपर्नेछ। जसले अन्ततोगत्वा नेपाललाई भूराजनीतिक घर्षणको नयाँ चरणमा धकेल्नेछ।

४.नेपालको सन्दर्भमा, अमेरिका र पश्चिमा शक्तिलाई कांग्रेसको विकल्पमा जुन शक्ति चाहिएको थियो त्यसको पूर्ति रास्वपाबाट गर्न खोजिनेछ, दबाब दिइनेछ। यस्तो दबाब रवि, डीपी र स्वर्णिमले सोचेभन्दा बढी अब आफ्नै पङ्क्तिबाट पनि झेल्नुपर्नेछ। चीन र अमेरिकाबीचको तीव्र शक्ति सङ्घर्ष र अमेरिकाले हालै लिन थालेको १७औं, १८औं शताब्दीको जस्तो चुनौती असामान्य बन्दैछन्।

एउटा रेडलाइन खिच्न सकेन भने रास्वपाले आन्तरिक र बाह्य प्रतिरोधका यस्ता झट्काको सामना गर्नुपर्नेछ जसले गर्दा उसले अघि सारेका सुशासन र विकासका कार्यसूची लागू गर्नसमेत असम्भव हुनेछ। यसै पनि अब कम्युनिस्ट पार्टीहरूको भविष्य सडक सङ्घर्षमा निर्भर हुँदैछ।फागुन २१ को चुनाव सकिएलगत्तै काठमाडौंस्थित अमेरिकी दूतावासले एउटा वक्तव्य जारी गर्दै नयाँ सरकारसँग

बाकी पष्ठ २......

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK
HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# भावी प्रधान न्यायाधीशका लागि संवैधानिक परिषद्मा ६ जनाको नाम पठाइयो

● टक नेपाल

भावी प्रधान न्यायाधीशका लागि न्याय परिषद्ले संवैधानिक परिषद्मा ६ जना न्यायाधीशको सूची पठाएको छ। परिषद्ले योग्यता पुगेका ६ जना न्यायाधीशको नाम सिफारिस गर्दै परिषद्मा पठाएको हो।

प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्षे उमेरहदका कारण आउँदो चैत १८ गतेदेखि अवकाशमा जान लागेपछि उक्त पदका निम्ति सर्वोच्चकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लसहित कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा.मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सचिवालयमा पठाएको परिषद् स्रोतले जानकारी दिएको छ।

संविधानको धारा १२९ मा नेपालको प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यता सम्बन्धी व्यवस्था रहेको छ। उक्त व्यवस्थाको उपधारा २ अनुसार प्रधानन्यायाधीशको र न्याय परिषद्को सिफारिसका आधारमा संवैधानिक परिषद्को सिफारिस अनुसार सवोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुनेछ।

त्यसैगरी उपधारा ३ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशको पदमा नियुक्ति हुन योग्य हुने उल्लेख छ। उक्त उपधारा अनुसार नै तीन वर्ष अवधि पुगेका सबैको नाम परिषद्ले पठाएको हो।

न्याय परिषद्ले रोस्टर पठाएपछि प्रधानमन्त्री नेतृत्वको संवैधानिक परिषद्ले बैठक बसेर भावी प्रधानन्यायाधीशको नाम सिफारिस गर्नेछ। त्यसपछि सिफारिस नाम संसदीय सुनुवाइका निम्ति सङ्घीय संसद्मा पठाइनेछ। संसद्मा नाम गएपछि सुनुवाइ समितिले सार्वजनिक उजुरी आह्वान गर्छ। सुनुवाइ प्रक्रिया सुरु हुन्छ। सुनुवाइ समितिबाट नाम अनुमोदन भएपछि मात्र राष्ट्रपतिले प्रधानन्यायाधीशमा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

एक महिनाभित्रै गर्नुपर्ने संविधानको व्यवस्था उल्लङ्घन

संविधानको धारा २८४ को उपधारा ३ मा 'संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै यस संविधान बमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ' भनिएको छ।

सोही धारामा 'तर मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ' भनिएको छ। संविधानले तोकेको समयसीमाभित्र प्रधानन्यायाधीश नियुक्तिको सिफारिस हुन सकेको छैन।

संविधानको धारा २८४ को उपधारा ३ मा रहेको व्यवस्था कार्यान्वयनमा आउन नसकेको हो। संवैधानिक परिषद्ले एक महिनाअघि सिफारिस गर्नुपर्ने संविधानको सीमा नाघेको र अझै ढिलाइ गरेमा फेरि एक पटक न्यायालय कामुको हातमा पुग्ने देखिन्छ।

यसअघि तीन पटक न्यायालय लामो समयसम्म कायममुकायमको भरमा सञ्चालन भएको थियो। दामोदर शर्मा, दीपककुमार कार्की र हरिकृष्ण कार्कीले लामो समय कामु चलाए। यो पटक जेनजी आन्दोलनपछि बनेको नयाँ सांसदको शपथ टुंगो नलागिसकेकाले प्रधानन्यायाधीश नियुक्तिमा ढिलाइ हुने देखिएको छ।

नेपालको संविधानको धारा १२९ को उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति प्रधानन्यायाधीशमा नियुक्त हुन योग्य हुने उल्लेख छ।

सोही धाराको उपधारा ५ मा 'सर्वोच्चमा नियुक्तिका लागि कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्को रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिनेछ' भनिएको छ।

## जनहितमा जारी

- ❖ बिना अनुमति बोडिङ नगनुहोस्।
- ❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- ❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- ❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- ❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- ❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- ❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- ❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- ❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- ❖ पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- ❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- ❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ❖ 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतां।



सम्सी गाउँपालिका,महोत्तरी

# श्रम संस्कृतिसहित ६ दलले पाए राष्ट्रिय दलको मान्यता

● टक नेपाल



फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ मङ्गलबार साँझसम्म एक करोड पाँच लाख ८३ हजार ३८७ मतगणना सम्पन्न भएको छ।

निर्वाचन आयोगको मतगणना अनुसार समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो, नेपाली कांग्रेस दोस्रो, नेकपा (एमाले) तेस्रो, नेपाली कम्युनिस्ट पार्टी चौथो, श्रम संस्कृति पार्टी पाँचौं र राष्ट्रिय प्रजातन्त्र पार्टी छैठौं हुने निश्चित भएको छ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ मा राष्ट्रिय दलको मान्यता सम्बन्धी व्यवस्था छ।

निर्वाचन आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सो व्यवस्था अनुसार प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ।

निर्वाचन अयोगको मतपरिणाम अनुसार एक करोड पाँच लाखभन्दा बढी मतगणना हुँदा समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५० लाखभन्दा बढी मत प्राप्त गरेको छ।

नेपाली कांग्रेसले १७ लाखभन्दा बढी मत प्राप्त गरेको छ। नेकपा (एमाले) ले १४ लाखभन्दा बढी मत प्राप्त गरेको छ। नेकपाले साढे सात लाखभन्दा बढी मत प्राप्त गरेको छ।

श्रम संस्कृतिले साढे तीन लाखभन्दा बढी मत प्राप्त गरेको छ। यसैगरी, राप्रपाले तीन लाख २७ हजार मत प्राप्त गरेको छ।

प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को परिच्छेद-५ मा 'उम्मेदवारको छनौट प्रक्रिया' अन्तर्गत दफा ३३ मा 'सीटको बाँडफाँड गर्ने' व्यवस्था छ। सो निर्देशिकाको दफा ३४ मा 'मत परिणाम विभाजक सूत्र' छ।

कोशी

कोशी प्रदेशमा समानुपातिकतर्फ रास्वपाले आठ लाख ३७ हजार २४३ मत प्राप्त गरी गरेको छ।

कांग्रेसले दुई लाख ७९ हजार ७३८, एमालेले दुई लाख ७७ हजार ८२२, श्रम संस्कृतिले दुई लाख ७७ हजार ६७, नेकपाले ९३ लाख ५४८ र राप्रपाले ६१ हजार ९०२ मत प्राप्त गरेको छ।

मधेस

मधेस प्रदेशमा यस पटकको प्रतिनिधि सभा सदस्य निर्वाचनमा जसपा नेपाल राष्ट्रिय दल बन्न सकेन। यद्दपि, यस प्रदेशमा जसपा नेपाल समानुपातिकतर्फ चौथो स्थानमा छ। मधेसमा रास्वपाले १२ लाख २२ हजार ५०४ मत प्राप्त गरेको छ।

कांग्रेसले दुई लाख ७१ हजार १९१, एमालेले एक लाख ७८ हजार ६४२, जनता समाजवादी पार्टी नेपालले एक लाख २८ हजार ८८४ र नेपाली कम्युनिस्ट पार्टीले ९६ हजार ५७९ मत प्राप्त गरेको छ।

बागमती

बागमती प्रदेशमा राष्ट्रिय दल नबनेको राष्ट्रिय परिवर्तन पार्टी पाँचौं स्थानमा छ। यस प्रदेशमा रास्वपाले ११ लाख १९ हजार २७०, कांग्रेसले तीन लाख २१ हजार १०६, एमालेले दुई लाख ६१ हजार ८९७, नेकपाले एक लाख ८८ हजार १८२, राष्ट्रिय परिवर्तन पार्टीले एक लाख १६ हजार ५५२ र राप्रपाले ७६ हजार ५२१ मत प्राप्त गरेको छ।

गण्डकी

गण्डकी प्रदेशमा रास्वपाले चार लाख ९९ हजार ९२१ मत प्राप्त गरेको छ।कांग्रेसले एक लाख ९७ हजार ४३१, एमालेले एक लाख ४९ हजार ६९८, नेकपाले ४७ हजार ३९२, राप्रपाले २३ हजार ६९ र श्रम संस्कृति पार्टीले १८ हजार ४६१ मत प्राप्त गरेको छ।

लुम्बिनी

लुम्बिनीमा रास्वपाले ९ लाख २५ हजार ५३ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले तीन लाख २२ हजार १२३, एमालेले दुई लाख ९३ हजार ९६५, नेकपाले एक लाख ५० हजार ४७०, राप्रपाले ७९ लाख ७७२, जसपा नेपालले २५ हजार ४२६ र श्रम संस्कृतिले २३ हजार ३७६ मत प्राप्त गरेको छ।

कर्णाली

कर्णालीमा रास्वपाले एक लाख ३३ हजार ७४९ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले एक लाख ४१ हजार २३३, एमालेले एक लाख २० हजार ८६३, नेकपाले एक लाख सात हजार १०१, राप्रपाले १५ हजार ७५५ मत प्राप्त गरेका छन्।

सुदूरपश्चिम

सुदूरपश्चिममा रास्वपाले तीन लाख १७ हजार ८३६, कांग्रेसले एक लाख ८२ हजार ८४२, एमालेले एक लाख ४७ हजार ९०९ मत प्राप्त गरेको छ। नेकपाले ९७ हजार ८८५, राप्रपाले ३६ हजार २६३, राष्ट्रिय मुक्ति पार्टी नेपाल/जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी, नेपालको एकल चिन्ह चकिया (जाँतो) ले २३ हजार ९९२ र श्रम संस्कृतिले पाँच हजार ३०५ मत प्राप्त गरेको छ।

## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

बर्दिवास नगरपालिका , महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014